# धनुषा जिल्लाको केउटानी, पटेर्वा र परशुराम तलाउमा राज्य पक्षबाट भएको हत्याको स्थलगत अध्ययन प्रतिवेदन

स्थलगत भ्रमणमा संलग्न संस्थाहरू

*मानव अधिकार सन्धि अनुगमन समन्वय समिति*

*यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), नेपाल*

*अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)*

*महिला पुनर्स्थापना केन्द्र (ओरेक)*

*इन्हुरेड इन्टरन्याशनल*

*महिला कानुन तथा विकास मञ्च*

*जनउत्थान प्रतिष्ठान नेपाल*

*मानवअधिकार अनुगमन समिति, जनकपुर*

*प्रतिवेदक: श्यामबाबु काफ्ले*

०६१ कातिक २० देखि २५

# अध्ययन भ्रमणबाट प्राप्त सारांश

स्थलगत अनुगमन, प्रत्यक्षदर्शीहरुसँगको कुराकानी एवं राज्य पक्ष, विद्रोही पक्ष र राजनीतिक दलका व्यक्तित्वहरु सँगको कुराकानी समेतका आधारमा २०६१ साउन १४ गते परशुराम तलाउ, असोज १६ गते केउटानी र कार्तिक १ गतेको पटेर्वा वल्टिया तथा पर्साही टोलमा भएका घटनाहरूमा दोहोरो भिडन्त नभएको ठहरमा टोली पुगेको छ । सुरक्षा निकायले आफ्नो कब्जामा लिइसकेका व्यक्तिहरू उपर प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्ने स्थिति हुँदा हुदै उल्लेखित घट्नाहरूमा नागरिकहरूको हत्या गरेको र उल्लेखित सबै घटनामा प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको उल्लंघन राज्यपक्षबाट नै भएको पाईयो । केउटानीमा मध्यरातमा सुतिरहेको अवस्थामा घरभित्रबाटै उठाएर ६ जना पुरुषहरुलाई हात पछाडी बाँधेर करिब ३ कि.मी टाढा लगि मारिएको, पटेर्वा घटनामा एकजनालाई खेतको बीचमा सुतिरहेको अवस्थामा निजको घरभन्दा करीब २ कि.मीं को फरकमा करिब ७० जनाको संख्यामा रहेका सुरक्षा कर्मीहरूबाट हत्या गरिएको दाबी स्थानीय बासीहरूको रहेको पाईयो । त्यसैगरी एक जनालाई घरबाट ३ कि.मी. टाढा सम्म हिंडाएर ल्याई पर्साई टोल भन्ने स्थानमा रहेको खेतको बीचमा रहेको सानो बगैचामा लगि हत्या गरेको पाईयो । परशुराम तलाउमा तीन जनालाई एकै ठाउँमा उनीहरूको निवासभन्दा करिब ८ कि.मी. टाढा पुर्‍याएर मारेको पाईएको छ । उल्लेखित तीन वटा घटनामा जम्मा ११ जना नेपाली नागरिकहरूलाई नियन्त्रणमा लिए पश्चात् हत्या गरिएको अध्ययनको क्रममा देखन आएको छ । अध्ययनकै क्रममा मारिएका व्यक्तिहरूका आफन्तहरु पनि सुरक्षा निकायको दुर्व्यवहारको शिकार भएको र पक्राउ परेकाहरुलाई पनि मारिनु पूर्व यातना दिइएको मारिएका व्यक्तिहरूको दाँत झारिएको र हात भाँचिएकोबाट पुष्टि हुन आएको छ । लाश सदगत गर्न जानेहरूका अनुसार मृतकहरूको हात भाँचिएको र दाँत झरेको मात्र हैन शरीरमा निलडामहरू पनि थिए । मृतकहरू कसैको पनि पोष्टमार्टम नगरी शवहरु कडा सुरक्षा घेराभित्र एउटै चितामा दुई दुई वटा शवहरु राखी जलाईएको जानकारी टोलीलाई हुन आएको छ ।

## १. पृष्ठभूमी

मानव अधिकार सन्धि अनुगमन समन्वय समिति ९ज्गmबल च्hनजतक त्वभबतथ :यलष्तयचष्लन ऋयृइचमष्लबतष्यल ऋकmष्ततभभ० को आयोजनामा यस संस्थाको तर्फबाट जनकपूरमा घटेका घटनाहरूको अनुगमनमा कानून शाखाबाट यो प्रतिवेदन प्रस्तुतकर्ताले प्रतिनीधित्व गरेको थियो । सातवटा संस्थाहरूको प्रतिनीधित्व रहेको उक्त टोलीले देशमा बढ्दै गएको मानव अधिकारको उल्लघंनका घटनाहरुको पर्यवेक्षण गरी यसप्रति सम्बन्धित पक्षलाई सचेत र सजग गराउने क्रममा यस पटक धनुषा जिल्लाको गोठकोएलपुर गाविसको केउटानी, पटेर्वा गाविसको वल्टिया र मिथिलेश्वर निकास गाविसको परशुराम तलाउमा भएका हत्याहरूको अनुगमन गरेको थियो । निम्न सदस्यहरू रहेको टोलीले मानवअधिकार, प्रचलित नेपाल कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालन भए नभएको विषयमा २०६१ कार्तिक २० देखि २५ गतेसम्म स्थलगत अध्ययन, अनुगमन तथा पर्यवेक्षण भ्रमण गरेको थियो । जसको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

### १.१ अनुगमन टोलीका सदस्यहरुको नामावली

अनुगमन टोलीका सदस्यहरूको नामावली अनुसूची - १ माउल्लेख गरिएको छ ।

### १.२ अनुगमनको उद्देश्य

- घटनाको यथार्थ पत्ता लगाउने ।
- घटनामा प्रचलित नेपाल कानुनको पालन भए नभएको ।
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनको पालना भए/नभएको ।
- घटनाबाट पीडितहरुको परिवारमा परेको असर ।

### १.३ अध्ययन, अनुगमन प्रक्रिया

अनुगमन टोलीले २०६१ असोज १६ गते बिहान  केउटानीमा, २०६१ कार्तिक १ गतेको पटेहर्वा वल्टिया र २०६१ साउन १४ गतेको परशुराम तलाउमा भएका घटनाहरूको सम्बन्धमा यथार्थ जानकारी प्राप्त गर्न २०६१ कार्तिक २० देखि २५ गतेसम्म निम्न अनुसन्धान प्रक्रियाहरु अपनाई अनुगमन गरेको थियो ।

१.३.१ भेटघाट

१.३.२ स्थलगत भ्रमण

१.३.३ घट्नास्थलको अवलोकन

१.३.४ भेटघाट र छलफल ।

१.३.५ प्रेस विज्ञप्ति, प्रकाशित सामग्रीहरुको संकलन आदि ।

### १.३.१ भेटघाट

अनुगमनको क्रममा टोलीले अनुसूची- २ मा उल्लेख भए बमोजिम राज्य, विद्रोही र सम्बन्धीत राजनैतिक दलका जिम्मेवार व्यक्तित्वहरूसँग भेटघाट गरेको थियो ।

### १.३.२ स्थलगत भ्रमण

अनुगमनको क्रममा टोलीले मृतकहरूको घर, पक्राउ गरिएको स्थान,सुरक्षा निकायका कार्यालयहरू र राजनैतिक दलका कार्यालयहरूको पनि स्थलगत भ्रमण गरेको थियो ।

### १.३.३ घट्नास्थलको अवलोकन

टोलीले मृतकहरू सबैको हत्या गरिएको स्थानको अवलोकन गरेको थियो । अवलोकनको क्रममा मृतकहरूको हत्या गाउँबाट एकान्तमा खेतको बीचमा लगेर गरिएको थियो । यस बाहेक टोलीले केउटानी हत्या गरिएका छ जनाको मृत अवस्थाको फोटो र मृतकहरूको निवास स्थान समेतको अवलोकन गरेको थियो ।

### १.३.४ छलफल

माथि उल्लेखित स्थानको अवलोकन, भ्रमण पश्चात टोलीले अनुसूची-१ मा उल्लेख भएका व्यक्तिहरूका अतिरिक्त मृतकका आफन्तहरू, प्रत्यक्षदर्शीहरू र अन्य घट्नाको बारेमा जान्ने बुझ्ने व्यक्तिहरू सँग छलफल गरेको थियो ।

### १.३.५ प्रेस विज्ञप्ति, प्रकाशित सामग्रीहरुको संकलन

टोलीले अनुगमनको क्रममा घट्नाको बारेमा प्रकाशित भएका प्रेस विज्ञप्तिहरूको पनि संकलन गरेको थियो । यसरी संकलित साग्रीहरू मानवअधिकार सन्धि अनुगमन समन्वय समितिलाई बुझाईएको छ ।

## २. मृतकहरुको विवरण

मृतकहरूको विवरण अनुसूची- ३ मा उल्लेख गरिएको छ ।

## ३. घटनास्थलको नक्सा

घट्ना स्थलहरूको नक्शा अनुसूची- ४ मा समावेश गरिएको छ ।

## ४. केउटानी हत्याकाण्डका आफन्तहरुको भनाई

*असोज १५ र १६ गतेको बीचमा भएको केउटानी हत्याकाण्डका सम्बन्धमा हत्या गरिएका व्यक्तिहरु लप्टेन यादव, रामनाथ यादव, बिरञ्ची यादव, फुल्नो यादव, रामपुकार यादव र शत्रुधन यादवका परिवारहरुको भनाई यहाँ प्रस्तुत गरिएको छ ।*

### ४.१ मृतक लप्टेन यादवकी श्रीमति समुन्द्रीदेवी यादव

रातको करीब १.३० बजे सादा पोसाकमा आएका ३ जना सेना घर भित्र पसे । त्यसपछि मलाई तेरो लोग्ने कहाँ छ ? हतियार देखा भने । मैले कस्तो हतियार भनें, उनीहरूले बन्दुक भन्दै घरमा भएका सबै सामानहरू छरिदिए । मेरो श्रीमान म सँगै सुतिरहनु भएको थियो, त्यति भनिसक्दा उनीहरूले श्रीमानलाई देखेछन् । श्रीमानलाई देख्नासाथ १ थप्पड हाने, मैले मेरो श्रमिानलाई छोडिदेउ भनें । उनीहरूले “तँ बच्चा लिएर बस फेरी आईस् भने मारिदिन्छु” भन्दै नराम्रो शब्द

प्रयोग गर्दै श्रीमानलाई लिएर बाहिर निस्किए । श्रीमानको साथमा ब्लु बुक, लाइसेन्स, ७० रुपैया, लेडिज हाते घडी र सर्ट पनि लिएर गए । बाहिर अरू ८/१० जनाले घर घेरेर बसेका रहेछन् । उनीहरूले मेरो श्रीमानलाई घर नजिकैको जोतेको बारीमा लगेर राखे । त्यहाँ अरूलाई पनि ल्याएको रहेछ । त्यहाँ उनीहरूले सबैलाई कुटपिट गरे तर मेरो श्रीमानलाई भने कुटपिट गरेनन् । पक्राउ गर्दा केही पनि नभनि लगेका थिए । सबैलाई पक्राउ गरि उनीहरूले यहाँबाट पश्चिम लगि नहरै नहर दक्षिण तर्फ लिएर गए । त्यसको केही समयपछि केउटानीमा लगेर (रुदैं) मारेछन् । बिहान बिहान दूधवालीहरू दुध लिएर यदुकुहा जाँदा श्रमिानहरूलाई मारिरहेको भेटेछन् । उनीहरूले फर्केर आइ हामीलाइ भनेपछि श्रीमानको हत्या भएको थाहा भयो । वहाँ निर्दोष हुनुहुन्थ्यो । निर्दोष मान्छेलाई मारेर सरकारले के गर्न खोजेको छ । माओवादी भए रोजगारीकोलागि विदेश पनि जानुपर्ने थिएन । वहाँ विदेश पनि गएर आउनु भएको हो ।

## ४.२ मृतक विरञ्ची भन्ने कृष्णकुमार यादवको आमा र श्रीमती मनशिरदेवी यादव र गुलेविया यादव

रातको करीब १.३० बजे ४/५ जना सादा पोसाकमा आएका सुरक्षाफौजले बाहिर सुतिरहेकी बहिनीको मुखमा टर्च बालेर तेरो दाई कहाँ छ ? भन्दै १ थप्पड हाने । त्यसपछि घरको ढोका खोल्न लगाए । ढोका खोली सकेपछि उनीहरू घरभित्र पसी हामीलाई माओवादी कहाँ छ ? विरञ्ची कहाँ छ छ भनी सोधपुछ गरे । त्यसपछि हामीले कृष्ण माओवादी होइन, मलेशिया र त्यसपछि पन्जाब गई  कमाएर आएको हो । भन्दा म आमालाई कुइनाले ढाडमा र १ दिनकी सुत्केरी बुहारीलाई बन्दुकको कुन्दाले आङ्गमा हानेर बाहिर निस्किए । त्यसपछि मचानमा सुतिरहेको विरञ्चीका बाबुलाई पनि बन्दुकको कुन्दाले हानेर तल झारी दिए । श्रीकमति सुत्केरी भएपछि घरमा सुत्न नहुने भएकोले त्यस दिन बिरञ्ची आफ्नो घरमा नसुती छिमेकीको घरमा सुतेको थियो । त्यसैबखत राजकिशोरलाई आँखा र हात पछाडी बाँधी बिरञ्ची कहाँ छ भन्दै ल्याइरहेका थिए । राजकिशोरले पल्लो घरमा छ भने पछि त्यहाँबाट विरञ्चीलाई बन्दुकको कून्दा र बुटले कुट्दै ल्याई अरूलाई राखेकै ठाउँमा राखे । त्यसपछि करीब डेढ घण्टा यहीं बसि अर्को टोलबाट ल्याएका २ जना र यस टोलका बिरञ्ची समेत ५ जना गरी ७ जनालाई त्यहाँबाट लिएर गए । सुरक्षाकर्मीहरूले आफूसँग लिएर आएको कुकुर पनि लगाईदिए । बिहान दूध लिएर यदुकुहा गएका महिलाहरुले मेरो छोरो तथा मेरो श्रीमान समेत ६ जनालाई रारिराखेको छ भनि खबर गरे । त्यसपछि हामीलाई विरञ्ची मरेको थाहा भयो । त्यसपछि त्यहाँ जान प्रयाश गर्‍यौं । तर गाउँलेहरूले नजाउ तिमीहरूलाई पनि मार्छन भनेपछि  हामी डरले त्यहाँ जान सकेनौं । साथै लाश समेत पनि हेर्न पाएनौं ।

## ४.३ मृतक रामनाथ यादवकी श्रीमति श्यामवतीदेवी यादव

सादा पोसाकमा पश्चिम तर्फबाट आएका २ जना सुरक्षाकर्मीले बारीको बार भाँची, मेरो श्रमिानको नाम लिदै ढोका खोल्न भने । आफूले पनि कोही छिमेकीको गाईवस्तु बिरामी भएर लिन आएको

भन्ठानी ढोका खोलिदिएँ । त्यसपछि मेरो घरभित्र सेनाहरू पसे र श्रीमानले नै लगाईरहेको लुङ्गीले घर भित्र पस्ना साथै रामनाथको हात पछाडि लगेर बाधि दिएर १ जनाले अगाडी र १ जनाले पछाडिबाट बुटले कुट्न थाले । किन कुटेको भन्दा तेरो लोग्ने माओवादी हो भन्दै घर भित्रका सबै सामानहरू खोत्लन थाले । यसरी खोजी गर्दा  कलमा लगाउने २ वटा पाइपको सकेट भेटे । त्यसपछि उनीहरूले रामनाथलाई तँ माओवादी बम बनाउन सकेट राखेको भन्दै कुट्न थाले । रामनाथले म माओवादी हैन तपाईंहरूलाई गाउँका मान्छेले माओवादी भनेर मलाई पक्रनु भएको होला । तपाईंहरू बुझ्नुस् म माओवादी रहेछु भने मलाई यहीं मारिदिनुस् भन्नु भयो । तर मेरो श्रमिानको कुनै पनि कुरा नसुनि नसुनी नजिकै रहेको बारीमा लगी १ घण्टा सम्म कुटिरहे । त्यसपछि सबैलाई यहींबाट पश्चिम हुँदै नहरको बाटो लिएर गएका थिए । केउटानीमा लगेर हत्या गरेछन् । मैले हत्या पछिपनि श्रीमानको लाश देख्न पाईन । जनकपूमा पनि लाश गाउँमा ल्याउन दिएनछ । मेरो श्रीमान निर्दोष हुनुहूनथ्यो ।

## ४.४ मृतक शत्रुध्न यादवकी श्रीमति हिरादेवी यादव

म घरमा सामान्य खटपट भएकोले माइत आई बसेकी थिएँ । उक्त दिन मेरो श्रीमान मलाई लिन आउनु भएको थियो । तर श्रीमान ससुराली नबसी आफ्नु दिदीको घरपनि यहीं भएकोले दिदीको घरमा बस्नु भएको थियो । रातको करीब १.३० बजे तिर एक जना मानिसले बुबालाई तिम्रो ज्वाईलाई सुरक्षाफौजले पक्रेको छ भने पछि दिदीको घरमा पुग्दा मलाई पनि लातले हानेर तेरो लोग्ने माओवादी हो भन्दै मेरो श्रीमानलाई कुट्न थाले । मैले मेरो श्रीमान माओवादी होइन भन्दा मलाई पनि कुट्न थाले । त्यसपछि डरले भागेर छिमेकमा जाँदा, बारीमा हिंड् भन्दै फेरि लातले हाने र श्रीमानलाई पछाडि हात बाँधेर लगे। बिहान दूध लिएर जानेहरुले राति लगेको ६ जनालाई सुरक्षाफौजले मारेको र मेरो श्रमिानलाई आँखामा गोली हानी मारेको भनेपछि थाहा पाएँ ।

## ४.५ मृतक रामपुकार यादवकी श्रमिति सोनीदेवी यादव

रातको करीव १२ बजे सादा पोसाकमा मुख छोपी आएका करीब २/३ जना सुरक्षाफौज घर भित्र पसी श्रीमानलाई घर बाहिर लगे । तर मलाईलाई भने बाहिर आउन नदिइ तिघ्रामा बेतको लठ्ठीले हाने । श्रीमानलाई आँखा बाँधेर लगे । छिमेकमा गएर उहाँको नागरिकता ल्याउन भनेपछि ४/५ जना सुरक्षाकर्मीहरूले पुनः घरभित्र पसेर बाक्साको ताला फोरेर श्रीमानको, मेरो, छोरा र बुहारीको नागरिकता, पासबुक, ३५०० भारतीय रुपैयाँ, र रू.१२००/को तमसुक लिएर गए । सो लिने क्रममा म र बुहारीलाई समेत कुटपिट गरे । पछि अरुको नागरिकता फिर्ता दिए तर श्रीमानको भने लिएर गए । बिहान ५ बजेतिर ६ पटक बन्दुक पड्केको आवाज सुने । त्यसपछि श्रीमानहरूलाई मारे भनि रुन थालेंछु । डरले गर्दा कहीं जान पनि सकिएन । त्यसैले घरमै रोएर बसें । हाईन होला जस्तो पनि लागि रहेको थियो । तर दुधवालीहरूले दुध लिएर यदुकुहा जाँदा ५ जनाको लाश केउटानीमा छ भनेपनि मेरो पनि श्रीमान मारिएको पक्का भयो । त्यसपछि पनि श्रीमानको लाश मात्र भएपनि हेर्न जान खोजें तर आफुलाई पनि मारिदिने डरले गर्दा त्यहाँ जान

सकिन । श्रमिनलाई छातिमा गोली हानेर मारेको भन्ने थाहा पाएँ । अहिले यही फोटो हेरेर चित्त बुझाउँछु । ( छ जना नै मृतकहरूको ट्रकमा राखिएको फोटो देखाउँदै) ……।

## ४.६ मृतक लप्टेन यादवका पिता फेकन यादव

रातीको २.३० बजे ६ जनालाई ल्याएर आँगनको छेउमा रहेको बकाइनोको रुख मुनी रामपुकार, फुल्गेन, किशोरी, बिरञ्ची, कारञ्ची, रामनाथ र शत्रुध्नलाई पिट्दै ल्याएको देखें । घरको बरण्डामा सुतेको थिए । अलिअलि हल्ला भयो, हेर्दा करीब ६०/७० जना सुरक्षाफौज देखे । त्यसपछि तिनीहरु आएर लप्टेन कहाँ छ भनी सोधे, घर भित्र पसि लप्टेनलाई बाहिर निकाली हात पछाडि बाँधेर परीक्षण यादवको आँगनमा लगेर राखे । मेरो छोरालाई नलग भन्दा म ८० वर्षको बुढालाईपनि बन्दुकको कुन्दाले हानेर लडाइदिए । छोरालाई लात्ती, बुट, बन्दुकको कुन्दा, डण्डाले मरणासन्न हुनेगरी कुटे । त्यसपछि करीब एक डेढ घण्टासम्म यहाँ राखेर करीब ४ बजेतिर दक्षिणतर्फ लगे । सबैको आँखा र हात बाधिएका भएपनि हिंडाउने बेलामा आँखा भने खोलेका थिए । लप्टेन कहिल्यै माओवादीमा लागेको थिएन । (रूदैं ..अरू कुरा भन्न सक्दिन)

## ५. केउटानी घट्नाका प्रत्यक्षदर्शीहरूको भनाई

## ५.१ मृतक राजगिर यादवको भाइ रामानन्द यादव

गत आश्विन १५ गते राति १२ बजेतिर घरमा सबै सुतिरहेको अवस्थामा सेनाले घरको भित्ता फोडेर टर्च लाइट बालेर हेरेको र मलाई बाहिर निस्कन भन्यो । त्यसपछि सेनाले मेरो नाम सोध्यो र तेरो दाई फूलगेन (राजगिर यादव) कहाँ छ भन्यो । हातहतियार सहित रहेका करिब सयदेखि जना सेनाहरू थिए । केही साधा पोसाकमा र अरु बर्दिमा आएका सेनाहरुले मलाई पनि मानसिक यातना दिंदै सोधपुछ गरे ।  उक्त समयमा मेरो दाई घर भित्र नै हुनुहुन्थ्यो । सोधपुछ गर्ने क्रममा उनीहरुले मलाई बाहिर आँगनमा रहेको टेबल मुनी बस्न लगाए । त्यही क्रममा मेरो दाईलाई पनि घरभित्रबाट पक्राउ गरि बाहिर ल्याए । सेनाले दाईलाई केरकार गर्दै तँ माओवादी होस् भन्दै कुटपिट गरेको टेबलमुनिबाट मैले देखे । करिब एकघण्टा जतिको कुटपिट र सोधपुछ पछि उनीहरुले दाईको दुवै हात पछाडि लगेर बाँधेको र मलाई पनि टेबलमुनिबाट निकालेर एक मुक्का हाने । हात बाँधिएका मेरो दाइलाई पनि अरू सँगै नहरको बाटो लगेका थिए । त्यसपछि के भयो मलाई थाहै भएन् । एकैचोटि बिहान करिब ४ बजेतिर ५/६ राउण्ड फायरिङ्गको आवाज आयो । तर पनि मैले त्यसबेला केही अड्कल काट्न सकिन् ।

बिहान एकैचोटि गाउँका दुध बेच्नेहरुले गोठकोएलपुर गाविसको केउटानी टोलमा ६ जना मान्छेलाई सेनाले गोली हानेर  मारेको खबर सुनाए । यदुकुहा ब्यारेक भन्दा आधा कि.मि मात्र टाढाको घटनास्थलमा मेरो दाई सहित अन्य गाउँकै ५ जनालाई प्रायः सबैको टाउकोमा गोली हानेर मारिएको थियो । मृतक मध्ये एकजना रामपुकारलाई छातिमा गोली हानिएको थियो । समातिएका एकजना कारी यादवलाई नागरिकता अनुसार नाम नमिलेकोले छोडेको र राजकिशोर

यादव घट्ना स्थलबाट भाग्न सफल भएका थिए । खबर सुन्नेबित्तिकै मेरो बुबा पनि गाउँलेहरुसँगै घटनास्थलमा पुग्नु भएको थियो ।

बिहानको कान्तिपुर एफ.एमबाट प्रशारित समाचारले माओवादीहरुले गोठकोयलपुरमा मिटिङ्ग गरिरहेको अवस्थामा संयुक्त सुरक्षाफौजले घेरा हाली समात्न खोज्दा भाग्न खोजेकोले गोली चलाँउदा ६ जना सशस्त्र माओवादीहरुको मृत्यु भएको भनी समाचार प्रशारण गरेको थियो । तर मेरो दाईहरु माओवादी थिएनन् । मृतकहरू कोही पनि माओवादी हैनन् । सबैलाई घरबाट समातेर लगेर मारेको हो । छ जना नै माओवादीको कुनै पनि क्रियाकलापमा संलग्न थिएनन् । सबै जना निर्दोष र कृषि पेसामा आश्रित सर्वसाधारणहरु हुन् । प्रशासनले लाश सम्म गाउँमा ल्याउन दिएनन् । उनीहरू कै घेरामा गंगासागरमा लाश जलाए । सुरक्षा निकायले माओवादी भनेकाहरु हाम्रा मान्छेहरु होइनन् भनी माओवादीले पनि प्रेस मार्फत स्पष्ट पारिसकेको छ । त्यससबाट पनि छ जनै मृतक माओवादी नभएको गथप पुष्टि हुन्छ ।

दाईको हत्यापछि भाउजूको अवस्था एकदम नाजुक भएको छ । रूँदारुदै कमजोरीको कारण छिनछिनमा भाउजू बेहोश भइरहनु हुन्छ । घरमा अरु परिवारको अवस्था पनि त्यस्तै छ ।

### ५.२ मृतक बिरञ्ची भन्ने कृष्ण कुमार यादवका बाबु गर्बु यादव

गत असोज १५ गते राती करिब १ः३० बजे हामी सुतिरहेको अवस्थामा सादा पोसाकका ४/५ जनाले घरको ढोकामा लात्ती हानेर ढोका खोल भने । त्यो समयमा छोरीले ढोका खोल्दा छोरीको मुखमा सेनाले टर्च बालेका थिए । किन मुखमा टर्च बालेका भनी सोध्दा त्यसमध्येका एकजनाले मेरो छोरीको मुखमा एक थप्पड हाने । अभद्र र नराम्रो शब्द प्रयोग गर्दै उनीहरुले घरको सम्पूर्ण ठाउँमा खानतलासी गरे । सोधपुछ गर्दै मलाई मेरो श्रीमती र लप्टेनको श्रीमतीलाई पनि बन्दुकको कुन्दाले हाने । सोधपुछ गर्दै गर्दा अरु ८/१० जना ड्रेसमा रहेका सेनाहरु पनि आएका थिए । सोधपुछ र खानतलासी गर्ने क्रममा उनीहरुले घरको दराज र सन्दुकहरु खोलेर हेरे । पछि भित्र २ छोरी सहित सुतेको मेरो छोरा लप्टनलाई लछारपछार गर्दै बाहिर आागनमा ल्याएर बकैनाको रुखमा लगेर राखेका थिए । सो समयमा राजकिशोर यादवलाई आँखामा पट्टि र दुबै हात पछाडी बाँधी ल्याएका थिए । केही समयपछि विरीन्ची र कारीलाई पनि समातेर ल्याए । समातेर ल्याइएकाहरु र मेरो छोरालाई पनि सोही स्थानमा राखेर करिब २ घण्टासम्म कुटपिट गर्दै सोधपुछ गरे । तिमीहरु माओवादी हौ भन्दै निरन्तर यातना दिए । त्यतिबेला हामी बोल्न हुदैंनथ्यो, बोल्यो कि उनीहरु हामी माथि नै जाइलाग्थ । करिब दुई साढे दुइघण्टाको सोधपुछ पछि उनीहरु सबैलाई नहरतिर लगिएको थियो । छापा मार्दा सेनाले कुकुरको पनि प्रयोग गरेका थिए । खेतीपाती गर्ने र जनमोर्चाको साधारण समर्थक मेरो छोरालाई किन माओवादीको आरोपमा मारियो थाहा छैन् ।

बिहान ६ बजेतिर मेरो छोरासहित अरु ५ जनालाई केउटानी टोलमा सेनाले मारेर छोडेको छ भनेर दुध बेच्नेहरुले खबर दिए । मेरो छोरो माओवादी होइन । सेनाले माओवादी भनेको झुठो हो । दोहोरो भिडन्त भनेको एकदम गलत हो । सबैलाई घरघरबाट समातेर लगेको र टाउको, मुख, आँखा र छातिमा गोली हानेर मारेका हुन् । हामी गरिब माथि सेनाले र सरकारले अन्याय गरेको

छ । जसरी मारे पनि हाम्रो आफ्नो मान्छेको लाश हामीलाई दिनुपर्छ नि, हामीले हाम्रो संस्कार अनुसार काजकिरियाा गर्न पाउनुपर्थ्यो तर उनीहरुले कसैको लाश पनि गाउँमा ल्याउन दिएनन् । गगांसागरमा लगेर उनीहरुकै घेरामा आफै जलाए । कारीलाई चाही छोडेको छ । राजकिशोर यादव भाग्न सफल भएका छन् ।

## ५.३ प्रत्यक्षदर्शी कारञ्ची यादव

पहिले उतरतर्फ गई किशोरीलाई समाएर ल्याएर बकैनाको रुख मुनी राखे । त्यसपछि हाम्रो घरमा आइ मलाइ तल आइज भने । तल आएपछि २/३ पटक बुटले हाने । त्यसपछि बिरञ्ची को हो भनी सोध्दा दाजुले म हो भन्ने बितिकै दाईलाई पेस्तोल तेर्स्याएर हात बाधे र परिक्षण यादवको आँगन नजिकैको बारीमा राखे । मलाई घरकै आँगनमा राखी तँ माओवादी होस् भन्दै बुटले कुटपिट गरी हात र आँखा बाँधी त्यही बकैनाको रुख मुनी लगे । अर्को पुलिसले नाम फरक पऱ्यो भनेपछि बन्दुकको कून्दाले हानी मलाई कुट्दै कुट्दै घरतिर जान भने र म घर तर्फ आएँ । दाई सहित लप्टेन, रामपुकार, फुल्गेन, किशोरी पनि सँगै थिए । रामपुकार र फुल्गेन चााहि चोराकोएलपुर गाविस-७ का थिए ।

मेरो दाई बिरञ्ची मलेसिया र पञ्जाब गएर आएको १ वर्ष मात्र भएको थियो । दाईलाई पक्रदा भाउजुलाई पनि बन्दुकले कुट्दै तेरो लोग्ने कहाँ छ भनेर सोधे । बिहान करीब ५ बजेतिर ६ पटक बन्दुक पड्केको आवाज आएको सुनिएको थियो । त्यहीं बेला नै दाजूहरूलाई मारे भनि शंका लाग्यो । केही समय पछि सो कुरा पक्का भयो । त्यसपछि डरले गर्दा तत्कालै हामी कोही पनि जान सकेनौं । सेनाले आफैं लाश उठाएर जनकपूर लगि उनीहरू कै घेरामा लाश जलाए । हामीलाई गाउँमा ल्याउन पनि दिएनन् ।

## ५.४ घट्ना स्थलबाट भाग्न सफल प्रत्यक्षदर्शी राजकिशोरको भनाई

मलाई यही टोलबाट पक्रेर लगे । रातको दुई/साढे दुई बजेको समयमा घरको पूर्वपट्टि बरण्डामा सुतिरहेको बेलामा सैनिक पुलिस आएर कामरेड उठ्नुस् भन्दै उठाए । मैले म कमाएर खाने मान्छे कामरेड होइन भनें तर मेरो कुरा नसुनी अश्लिल शब्द प्रयोग गर्दै माओवादी होस् भन्न थाले । घर खानतलासी गर्न थाले। केही हतियार नभेटेपछि मेरो आँखामा पट्टि र हात पछाडि लगेर बाँधिदिए र लठ्ठिले मलाई पिट्न थाले (अहिलेसम्म दाग रहेको देखाए)। त्यसपछि घरमा ट्र्याक्टरको ट्रलीमा बम राखेको छ भन्दै ह्याण्ड पाइपको सकेट उठाएर राखे । अनि बाहिर लगी बकाइनाको रुख मुनी राखे । त्यहाँ अरु रामनाथ, लपटेन, शत्रुघन, रामपुकार, फुल्गेनलाई पनि हात पछाडि बाँधी राखिएको रहेछ ।

त्यहाँ लगेपछि फेरि मलाई लठ्ठीले पिट्न थाले । मैले मलाइ किन पिट्छौ, म तपाईहरुलाई चिन्छु भनेपछि पनि ५ मिनेटसम्म कुटिरहे। मैले आँखा खोल्नुहोस् भनेपछि आँखा खोलिदिए । आँखा खोलेपछि सो सकेट देखाएर यो बम हो कि होइन भनी सोधे । मैले मेरो ट्र्याक्टरमा रेन्च छ, खोलेर देखाइदिन्छु भन्दा तँ चलाख छस् त्यो पड्काएर तँ भाग्छस् भने । त्यसपछि मलाई

बिरञ्जीको घर देखा भने मैले देखाइदिएँ । त्यो कहाँ सुतेको छ भनेर मलाई केरे । मैले थाहा छैन भने । एक जना पुलिसले पुजन यादवको घरमा लिएर गयो । त्यहााबाट सबैलाई नाम सोध्दै निकाल्यो र सबैलाई लठ्ठीले हान्यो । अनि विरञ्चीलाई पक्राउ गरी त्यसै बकैनाको रुख मुनी राख्यो, त्यसपछि हामी ७ जना भयौं ।

त्यसपछि हामी तिमीहरुलाई यदुकुहा लादै छौ भनी हात पछाडि बाँधेर बिहान अन्दाजी ३/३:३० बजे तिर नहरको बाटो हुँदै लिएर हिंडे । बाटोमा रामनाथ, शत्रुध्न र मलाई हात पछाडि सकेट समेत बाँधेर हिडाउँदै नहरको बाटो हुदैं दक्षिणतर्फ साइफनमा पुगेपछि ५ मिनेट जति राखी हातमा बाँधिएको सकेट खोलेर नहरमा फालिदिए । त्यसपछि पनि अझै दक्षिणतर्फ लगेर चिरैया गाउँ पुगेपछि एक जना पुलिसले साहुजीको घर कुन हो भनी सोधे र मैले देखाई दिएँ । घर देखाइदिएपछि उसले मलाई ५/७ लाठी हान्यो । चिरैया गाउँ कटेपछि मतौना टोल पुऱ्याएपछि फेरि साहुजीको घर देखा भने । फेरि मैले देखाई दिएँ । २/३ हात अगाडि बढेपछि फेरि ५/७ लाठी हाने । मतौना कटेपछि एउटा खुल्लाठाउँमा लगेर हामी सबैलाई राख्यो र फेरि डरखोरीया, बिर्ता हुँदै केउटानी पुऱ्याए । केउटानीबाट करिब ५ सय मिटर पर दक्षिणतर्फ करिब ४:३० बजे तिर पुऱ्याए । तिमीहरुमा इचनष्लबर्ा माओवादी को हो भनेर हामी सबैलाई सोधे । हामी सबैले होइनौ भन्यौं । त्यसपछि उनीहरूले पालैपालो लाठीले पिटे । त्यसपछि एक जनाले वाकीटकीमा कुरा गर्न थाले । त्यसरी कुरा गर्दा ७ जना माओवादी पक्रेका छौ त्यसमा तीन जना इचनष्लबर्ा छन्, राजकिशोरबाट १ कटुवा र सकेट बम, रामनाथकोमा १ सकेट बम र कटुवा १ र शत्रुध्नको घरबाट सकेट बम (कटुवा) भेट्टायौ हजुर आदेश दिनु पऱ्यो, सबैलाई तु गोली मार्नु पऱ्यो भने । वाकीटाकीमा यदुकुहा लिएर आइज, माओवादी भए उडाउँला नभए थुनामा राखौला भनेको हामीले सुन्यौं । तर यताबाट जवाफमा "उनीहरु छानवीन नगरी मार्छन्, हामी के को छानवीन गर्ने, छोड्न भन्नु हुन्छ भने यहीबाट नै छाडिदिन्छौ" भनी धम्की दिए । यति भनिसकेपछि उताबाट मारी देउ भन्ने आदेश आयो । हामी सबै डरले काम्न थाल्यौ।

त्यसपछि हीलाई फेरि एकै ठाउँमा भेला गराई तिमीहरु मध्ये को को माओवादी हौ भन्दै लाठीले सबैलाई हिर्काए । इचनष्लबर्ा को हो भन अरुलाई छोडिदिन्छु भने । हामी कोही होइनौ मार्नु छ भने मार्नुस भन्यौ । मलाई अरु कस्ता मान्छे हुन् भनी सोधे । आफूलाई थाहा भएको भने । यदुकुहा लानुस्, छानविन गर्नुस् भने । त्यसपछि प्रहरी सबै एकै ठाउँमा जम्मा भएपछि मलाई बोलाए र तैले माओवादीलाई ट्र्याक्टरमा हालेर लगिस् भने । मैले त्यसो गरेको छैन भनें । सबैलाई सोध्दा थाहा भइहाल्छ नि भनी जवाफ दिए । त्यसपछि सबैलाई पालै पालो सोधपुछ गर्न थाले । त्यसबेलासम्म सबैको हात बाँधिएको थियो ।

पछि फेरि सबैलाई छुट्टाछुट्टै माओवादी को हो भनी सोधपुछ गर्न थाले । हामी सबैले हामी मध्ये कोही पनि माओवादी होइनौ भनी जवाफ दियौ । फेरि २/४ लात्ती हाने र त्यसपछि कुटपिट गर्न बन्द गरे । उनीहरु सबै एकै ठाउँमा जम्मा भई कुरा गर्न लाग्दा मौका छोपी म सबैभन्दा उत्तर तर्फ भएकोले त्यहाँबाट भागें । मलाई लखेटेको मैले थाहा पाईंन । करिब एक/साढे एक विघा जति टाढा दगुरेपछि गोली चलेको आवाज सुने । ६ वटा गोलीको आवाज आएको थियो । उनीहरुलाई मारेछन् भन्ने थाहा पाएँ । त्यसपछि म डरले अझै भाग्दै घरतर्फ आएँ । त्यसपछि

मलाई प्रत्यक्ष उनीहरूले केही नभनेपनि अप्रत्यक्ष रुपमा हेरेका हुन सक्छन् । मृतकहरूको लाश बुझ्न म पनि जनकपुर गएको थिए । त्यहाँ उनीहरूले लाश बुझि गाउँ ल्याउन दिएनन् । प्रहरीको रोहवरमा गंगासागरमा तिनवटा चितामा दुई दुई जना राखी जलाए । त्यसपछि म समेत गाउँलेहरू गाउँ फर्किएर आयौं । हामी ट्रयाक्टर रिजर्व गरेका ३०० जति गाउँले गएका थियौं होला । कार्तिक १७ गतेका दिन म जनकपुर गएको थिएँ । त्हयाँ जाँदा एस.पी. कार्यालय अगाडि मलाई पक्राउ गर्ने मध्ये एक जनाले फेरी साला माओवादी भन्दै हप्कायो ।

## ६. पटेर्वा बल्टिया हत्याकाण्ड

### ६.१ मृतक रामनारायण सदाकी बुहारी रामप्यारीदेवी सदा

२०६१ कार्तिक १ गते पटेहर्वा वडा नं ६ कोठिया टोलको मेरा ससुरालाई बिहानको ४ बजेतिर ठूलो समूहमा आएका सुरक्षाफौजले चौरीको रुखमुनी सुतेको बेलामा त्यही नै गोली हानी हत्या गरे । मेरो ससुराको पेट दुखेको कारणले गर्दा भाग्न सक्नु भएन । आफूले लाश हेर्न नपाएको तर गाउँका मानिसले भने अनुसार उहाँलाई मुखमा गोली हानी मारिएको थियो । लाशलाई घटनास्थलबाट टायरगाडामा हालेर उत्तरतर्फ लगे । पर्साही तिर पुऱ्याएपछि ट्रयाक्टरमा हालेर जनकपुर लग अरे । लाश हामीलाई दिएनन् । सुरक्षा घेराभित्र जलाउन लगाए ।

*(सुरक्षाफौजको डरका कारण घटनाका सम्बन्धमा अन्य स्थानीय व्यक्तिहरु कोही पनि बोल्न नचाहेका )*

### ६.२ मृतक बैयलाल मुरा कवाडीकी श्रीमती, छोरा र छोरी

बिहानको करीब ३ बजे २ जना ड्रेसमा आएका सेना घर भित्र पसी बौयलाल राइन कहाँ छ, त्यसले माओवादीलाई खान बस्न दिन्छ, चन्दा माग्छ भन्दै बुवाको आँखा बाँधी बाहिर चोकमा रहेको मुडामा ल्याएर राखे । त्यसपछि घरभित्र पसेर खोजतलास गर्न थाले । अरु भने बाहिर बसी चारैतिरबाट घर घेरेर बसे । खोजतलास गर्ने क्रममा आमालाई १ थप्पड हाने । आफू माओवादी होइन १० बर्ष अरब बसेर कमाएर आएको भनी बौयलालले बारम्बार भन्दा पनि सुनेनन् । वाकीटकीबाट सो समयमा मिनेट मिनेटमा कुरा गर्दै छोड्ने की ल्याउने भनी सोधिरहे । उताको जवाफ सुनेर बौयलाललाई लिएर जाँदा हामीलाई २ वटा बन्दुक तेस्याएर कसैलाई पनि बाहिर आउन दिएनन् । त्यसरी लाँदा कुट्दै लिएर गए । साथमा ८ हजार रुपैयाँ र मोबाइल पनि लगे । उहाँलाई यहाँबाट लगेर चोकमा करीब १ घण्टा राखेर सोधपुछ गरी फेरि ४/५ जनाले समातेर घर फिर्ता ल्याएर छोराको नाम लिएर बोलाएर दुबैको पासपोर्ट मागे र हेरे । अनि छोडौं कि नछोडौं भनी फोन (वायरलेस) मा सोधे । उताबाट नछोड भनेपछि आफूसँगै लिएर गए । घरबाट तिन किलोमिटर उत्तरतर्फ पर्साइ टोल किरातपुर पर्साइ स्कूल नजिक लगी गोली हानी मारे । ६ राउण्ड गोली चलेको आवाज सुनिएको थियो तर कति गोली लागेको थाहा हुन सकेन ।

***लाश जनकपुर लगेको थाहा पाई माग्न जाँदा एस. पी. ले नदिएकोले आफ्नो धर्म अनुसार काजकिरिया गर्न समेत पाएनौं ।***

## ६.३ केउटानी, बल्टिया र परशुराम तलाउ घटनाको सम्बन्धमा ने.क.पा. माओवादीका एरिया सदस्य विमलको भनाई

केउटानीमा मारिएका पाँच जना सर्व साधारण हुन् । लप्टेन यादव चाँही जनमोर्चाका कार्यकर्ता हुन । उक्त घट्नामा मारिएका सबैसँग हाम्रो पार्टीको कुनै संलग्नता थिएन । उनीहरू हाम्रो सम्पर्कका व्यक्तिहरू पनि होईनन् । धनुषामा जति पनि सेनाबाट मारिएका छन् कुनैपनि घट्नामा दोहोरो भिडन्त भएको छैन । सेनाले घरबाटै समाएर लगेर मार्ने गरेको छ । उक्त घट्नाको सम्बन्धमा हामीले जानकारी पाएपछि उनीहरू हाम्रो कार्यकर्ता होईनन् भनेर विज्ञप्ति समेत निकालेका छन् ।

बल्टिया घट्नाको सम्बन्धमा रामनारायण सदा हाम्रो पार्टीका मानिस हुन् । उक्त दिन हाम्रो मिटिङ्ग भएको हो । मिटिङ्गपछि उनी माछा पनि मार्ने र सुरक्षित पनि होईन्छ भन्ने उद्देश्यले यहाँ आएर सुतेका रहेछन् (हत्या भएको ठाउँ देखाउँदै) । गाउँ जनसरकारका उप प्रमुख सम्म रहेका राम नारायण हाम्रो पार्टीको दलित संगठनमा पनि थिए । उनलाई करिब ७० देखि असी जनाको संख्यामा रहेका सेनाले यही ठाउँमा घेरा हाली हत्या गरेका हुन् । त्यसपछि (करिब १ कि.मी. टाढा रहेको बस्ति देखाउँदै) सेनाले उनलाई त्यहाँसम्म बाकेर लगि त्यहाँबाट गाउँलेको गोरुगाडामा लाश राखी पर्साई तिर लिएर गये । पर्साइ भन्दा केही माथि देखि बौयलाल र उसको लाशलाई रघुनाथपुर तिरको साहुको ट्रयाक्टरमा राखेर जनकपुर लिएर गएका हुन् । उक्त दिन म यसै ईलाकामा थिएँ । बौयलाल मुरा कवाडी हाम्रो पार्टीका मानिस हैनन् । उनी आफ्नो पेशा व्यावसाय गरि खाई आएका मानिस हुन् । उनलाई पनि रामनारायणलाई हत्या गरे कै दिन पर्साई टोलसम्म हिंडाएर लगि हत्या गरेछन् । उनी सर्वसाधारण हुन् ।

पर्शुराम तलाउमा हत्या गरिएका तिन मध्ये फौली सदा पहिले हाम्रो पार्टीमा लागेका हुन् भन्ने सुनेपनि हाल उनी पार्टीमा थिएनन् भन्ने जानकारी आएको छ । अरू दुई जना एमालेका कार्यकर्ता हुन् । उनीहरू एमालेका कार्यकर्ता भएपनि सामान्य विवाद मिलाउने विषयमा हाम्रो पार्टीले आयोजना गरेको पञ्चायतिमा भेला भएका थिए भन्ने सम्म सुनेको हुँ । उनीहरूलाई सेनाले घर बाटै पक्राउ गरेर लगि हत्या गरेको हो । धनुषामा दोहोरो भिडन्त कहीं भएकै छैन ।

## ७. पर्शुराम तलाउ हत्याकाण्ड

### ७.१ परिचय

मिथिलेश्वर निकाश गाविसको परशुराम तलाउमा सुरक्षा कर्मीहरूले तिन जनाको सामुहिक रुपमा हत्या गरेका थिए । धनुषाधाम गाविस वडा नं. १ का सुकुम्बासी फौली सदा र ऐ. गाविस वडा नं. ६, जानकी निवासका फुल्गेन पासवान र मुनसिफ राईनको हत्या भएको उक्त घट्नाको बारेमा तल उल्लेख गरिएको छ ।

## ७.२ हत्या सम्बन्धमा झौलीकी श्रीमतिको भनाई

हाम्रो श्रीमानहरू तिन पुस्ता देखि सुकुम्बासी हो । हामी यो नदीको पूर्व पट्टि धनुषाधाम गोविन्द पुर गाविसमा बसोबास गर्दै आएका थियौं । यस बर्ष यस बलुवा नदीमा आएको बाढीले हाम्रो बसोबास गरिरहेका स्थान मात्र हैन भएका भाँडाकुँडा लत्ता कपडा समेत बगाए पछि हामी यहाँ आएर बसेका हौं । हामी यहाँ ११ परिवार यहाँ बसेका छौं । आँप फल्न थालेपछि यो ठाउँपनि हामीले छोड्नु पर्छ । स्मरण रहोस हाल उनी सहित ११ परिवार स्थानीय जमिन्दारको बगैंचामा बस्दै आएका छन् । त्यसपछि कहाँ बस्ने हो थाहा छैन ।

२०६०/४/१४ गते राती हामी यहाँ भन्दा पर (बगैंचाको बीच) हामी सबै सुति रहेका थियौं । एघारै परिवार त्यहाँ लहरै सुतेका थियौं । त्यस मध्ये मेरो श्रीमान सहित हामी बीचमा थियौं । म बिरामी भएकीले केही गर्न र बोल्न नसक्ने अवस्थामा थिएँ । सोही समयमा राती कति बजेको थियो थाहा भएन । लाईट बाल्दै सुरक्षाकर्मीहरूले झौली को हो भनि सोधे । त्यसै समयमा एक जनाले मेरो श्रमिानको मुखमा लाईट लगाई झौली यही हो भनेपनि श्रीमानलाई ओछ्यानबाटै पक्राउ गरेर लिएर गए । डरले गर्दा हामी कोही पनि बोल्न सकेनौं । छिमेकीहरूले किन पक्रेको भनि सोध्दा सालाहरू तिमीहरू चुप लागेर सुत । हल्ला गऱ्यौ भने उडाई दिउँला भनेपछि कोही पनि बोल्न सकेनौं । एकै पटक बिहान कान्तिपुर एफ. एम. मा मेरो श्रीमान सहित तिन जनालाई माओवादीको आरोपमा परशुराम तलाउमा मारे भन्ने थाहा पायौं । मेरो श्रीमानको कुनै दोष थिएन । वहाँ कै कमाईमा हामी बाँचेका थियौं । श्रीमान माटो काट्ने काम गर्नु हुन्थ्यो । वहाँ माओवादी पनि हैन । शत्रुले गर्दा वहाँलाई सेनाले लगेर मारे । पहिले पनि ती शत्रुहरूले गर्दा दुःख दिएका थिए । श्रीमान नहुँदा छाप्रो बनाएर पनि बस्न सकेका छैनौं । स्मरण रहोस् टोली निज निवासमा पुग्दा निजको टहरो, छाप्रो केही पनि थिएन । उनी दुई छोराका साथ राती खुल्ला आकाशको मुनि त्रिपाल आढेर सुत्ने गर्दथिन । अहिले सम्म मलाई कसैले पनि सहयोग गर्न आएका छैनन् ।

## ७.३ घटना सम्बन्धमा नाम भन्न नचाहने प्रत्यक्षदर्शी

बलुवा नदीले बाढीले बस्ति नै बगाई दिएकोले हामीहरू यो बगैंचाको बीचमा आएर बसेका थियौं । यस्तैमा सदा झैं हामी गाउँलेहरू लहरै त्यहीं सुति रहेका थियौं । सोही समयमा झौली को हो भन्दै सेनाहरू आए । रातको अन्दाजी १२.०० बजेको थियो होला । त्यस मध्येको एक जनाले मुखमा लाईट लगाउँदै आई झौली यही हो भनेपछि उसलाई ओछ्यानबाटै पक्राउ गरेर लिएर गए । हामीहरूले उसलाई कहाँ लाने र हजूरहरू को हो भनि हाम्रो भाषा (मैथिलीमा) सोध्यौं । जवाफमा मैथिली भाषामा नै हामीलाई चुप लागेर सुत्छौ भने सुत हैन भने तिमीहरू सबैलाई उडाई दिन्छौं भनेपछि हामी कोही पनि डरले गर्दा नबोली सुत्यौं । एकैपटक बिहान ६.३० बजे कान्तिपुर एफ. एम. मा उ सहित जानकी निवासका दुईजनालाई सुरक्षा फौजले हत्या गरेको थाहा पायौं । उसले एमालेमा भोट हाल्थ्यो । माओवादीमा लागेको हामीलाई थाहा छैन । उसलाई गाउँकै शत्रुले गर्दा सेनाले मारेको हुनु पर्छ । यसभन्दा पहिले पनि उसलाई सेनाले दुःख दिएको थियो । उ निर्दोष हो ।

### ७.४ पक्राउ गरेको देख्ने मृतक झौलीको भाइ तथा अन्य प्रत्यक्षदर्शीहरू

डरको कारण आफ्नो नाम उल्लेख गर्न नचाहने अन्य प्रत्यक्षदर्शीहरूले पनि माथि उल्लेखित दुई जना कै भनाई दोहोऱ्याएका थिए । तर त्यसमा थप नयाँ भनाई झौलीको भाइबाट आएको थियो स उनका अनुसार- उनले चियाएर हेर्दा झौलीलाई पक्राउ गरि हात पछाडी लगेर बाँधी १५ जना जति सैनिकहरूले त्यहाँबाट उत्तरतर्फ रहेको बाटो तिर लिएर गएका थिए ।

### ७.५ फुल्गेन र मुन्सिफको पक्राउ तथा हत्या सम्बन्धमा

परशुराम तलाउमा हत्या गरिएका फुल्गेन पासवान र मुन्सिफ राईनका गाउँलेहरू कोही पनि घट्नाको बारेमा र आफ्नो नाम समेत भन्न तयार नभएको अवस्था छ । टोलीको लामो प्रयाश: पछि मुन्सिफको टोल जानकी निवासमा जम्मा भएका करिब १०० जना गाउँलेहरूले एकै स्वर के थियो भने राती सादा पोशाकमा आएका सुरक्षा कर्मीहरूले घरभित्र जर्बजस्ति प्रवेश गरि फुल्गेन र मुन्सिफलाई माओवादी भन्दै पक्रेर धनुषा धाम तिर लिएर गए । पक्रिएर लगेपछि गाउँलेहरू के गर्ने भनेर जम्मा भएर बसे । उनीहरूले मन्सिफ र फुल्गेन एमाले हुँदाहुदै उनीहरूलाई किन पक्राउ गरेर लगे भनेर छलफल पनि गरे । तर दुर्भाग्य विहान ६.३० बजे कान्तिपुर एफ.एम.ले उनीहरूलाई माओवादीको आरोपमा मारिएको समाचार उनीहरूले सुने । उनीहरूको संयुक्त भनाई छ, ती दुवै जना यो टोलको केही शिक्षित र जाने बुझेका व्यक्ति थिए । त्यसमध्ये मुन्सिफले आफ्नो छोरालाई विदेशमा रोजगारीकोलागि पठाउन गाउँका एक साहु सँग ३६ प्रतिशत ब्याजमा ऋण लिएका थिए । मुन्सिफका छोराले विदेशबाट पैसा पठाएपछि मुन्सिफ ती साहुकोमा ऋण तिर्न जाँदा माओवादीका कार्यकर्ताले १० प्रतिशत भन्दा बढी ब्याज नतिर्नु भनेपछि माओवादी समेतको पञ्चायति बसेको थियो । सो पञ्चायतीमा उनीहरू पनि भएको कारण उनीहरूको हत्या गरिएको हुनसक्छ । उक्त विषयलाई लिएर ती साहुले उनीहरूलाई धम्क्याई रहेका थिए । उनीहरूको हत्या पछि माओवादीले ती साहुलाई पनि मारेका हुँदा यसमा त्यै पञ्चायतीमा बसेको कारण उनीहरूको हत्या भएको हुन सक्छ । यस बाहेक फुल्गेन पासवानलाई हेमबहादुर मल्लको फुलवारी (आँप बगैंचाको) ठेक्का लिएको मान्छेले स्थानीय भएको नाताले यहाँ बगैंचाको हेरचाह गर्न राखेको थियो । यस वर्ष उक्त बगैंचाको ठेकेदारले हेमबहादुरलाई दिनुपर्ने रकम फुल्गेन मार्फत पठाउन खोजेको तर स्थानीय माओवादीहरूले उक्त रकम नकमाउनेले पाउँदैनन् भन्दै उसबाट लगेका कारण पनि उसलाई माओवादीको आरोप लगाई मारेको हुनु पर्छ । तर उ र मुन्सिफ दुवै जना माओवादी हैनन् ।

### ७.६ पक्राउ गरेको थाहा पाउने फुल्गेन पासवानकी भाई बुहारीको भनाई

फुल्गेन पासवानकी भाई बुहारीको भनाईअनुसार रातको ११ बजे १ जना मानिस घरमा आएर कमरेड उठ्नुस भनी बोलाए । कसलाई बोलाएको ठम्याउन नसकी मैले जेठाजु (फुल्गेन) लाई बोलाएँ । त्यति बोलाई सक्दा त्यसपछि ३/४ जना सादा पोसाकमा आएकाले उहाँलाई समातेर

लगे । भोलिपल्ट एफ.एम. मा समाचार भनेपछि तिनीहरुले मारेछन भनी थाहाा पायौं । त्यसैबेला अर्को टोलबाट लिएर आएका मुनशीफ राइनलाई पनि मारेका रहेछन् । मुन्सिफको घरमा पनि सुरक्षाफौज गई ढोकामा लात हानी भित्र पसि निजको श्रीमतीलाई तेरो लोग्ने कहाँ छ भन्दै कुटेपछि श्रीमतिले ढोका खोलि दिईन । त्यसपछि सेना भित्र गई मुनशीफलाई लिएर गए । सो अवस्था देखि स्थानीय एक बृद्धले के हो भनी बुझ्न खोज्दा सेनाले ए बुढा चुप लागेर सुत नत्र मारिदिन्छु भनेर उनीहरुले भने र मुनसिफलाई पनि लिएर गए । उनलाई पनि मारेको बिहान एफ.एम. बाट थाहा भयो । घट्ना पछि मुन्सिफकी श्रीमती टोल छोडेर अर्को टोलमा बस्न थालेकी छिन् । उनको छोरा अहिले पनि विदेशमा नै छ । यहाँ उनीहरूको परिवार कोही पनि छैन ।

## ८. उल्लेखित घटनाहरूबाट मृतकका परिवारमा परेको प्रभाव

उल्लेखित घटनाहरूबाट मृतकका परिवारहरूमा दुई किसिमको प्रभाव परेको अवस्था छ । एकातिर आफुहरू कति बेर मरिन्छ भन्ने डर उनीहरूमा सधैं रहीरहेको छ भने अर्को तर्फ घरका मूलीहरू मारिएको कारण सबैको परिवारमा आर्थिक समस्या देखा परिसकेको छ । श्रीमानको हत्याको कारण म्फौलीकी श्रीमतिले अन्य छिमेकी सरहको घर बनाएर बस्न सकेकी छैनन् । उनको घरको छानो आँपको रुख र त्यस माथिको छानो खुल्ला आकाश छ । आफु सँग रहेका छोराहरू सानै भएको कारण ज्याला मजदूरी गरेर कमाएर ख्वाउने कोही नभएको अवस्था छ । खाने भाँडा नभएर एउटै थालमा उनीहरू पालैपालो खान्छन् । मृतक मुन्सिफकी श्रीमति आफ्नो घरमा बस्न नसकेर मुन्सिफको हत्या भएकै दिनदेखि आफ्नो घर छोडेर हिंडेकी छन् । फुल्गेनको पनि स्थिति सोही रहेको छ ।

पटेर्वामा मारिएका राम नारायणकी श्रीमति र परिवारलाई पनि आफु कहिले हो भन्ने आशंका रही रहेको छ । उनीहरूलाई पनि कसले कमाएर ख्वाउने हो भन्ने पीर छ । कानको बिरामी भएकी उनको उपचार पनि श्रमिानको हत्याको कारण हुन सकेको छैन । आजकल उनी नयाँ मान्छे देख्नासाथ डरले भाग्छिन् र जो आएपनि सेना नै देख्छिन् । परिवारका अन्य सदस्यको हालत पनि उही नै छ । बौयलाल मुरारका कवाडीको परिवारको स्थिति पनि अरूको भन्दा फरक छैन ।

उता केउटानीमा मारिएका छ जना कै परिवार यो टोली पुग्दासम्म पनि शोकमग्न छ । मृतकहरूका श्रीमति र घरपरिवार अन्य कसैको आँखाबाट आसु सुकेको छैन । शोक र सुर्ताका कारण लगाएको खेतीमा समेत असर पर्न थालेको छ । एकदिन अगाडीकी सुत्केरीको श्रीमानलाई हत्या मात्र नगरि उनीमाथि पनि बज्रेको सुरक्षा कर्मीको बुट र बन्दुकको कुन्दाको प्रहारबाट भएको पीडा अहिले पनि उस्तै छ । कमाएर उपचार गर्ने श्रीमानको हत्या भएपछि उनले आफ्नो उपचार सम्म गर्न सकेकी छैनन् । मृतकहरू अधिकाँशका छोराछोरीहरू नाबालक कै भएका हुँदा उनीहरूको भविष्य समेत थप अन्धकारतर्फ धकेलिएको छ । निर्दोष व्यक्तिहरूको हत्याको कारण

गाउँलेहरू कोही पनि बोल्न नसक्ने अवस्थामा छन् । जनताको सुरक्षा गर्ने सेनाको नाममा उनीहरूमा वितृष्ण पलाएको छ ।

उल्लेखित अवस्थामा मृतकका सबै परिवारहरूमा आर्थिक, सामाजिक, नैतिक र मनोसामाजिक पीडा गम्भीर भएर देखिएको छ । थाहा छैन, यस्तो अवस्थाले भोली देशको भविष्य कता जान्छ ।

## ९. घटनाहरूका सम्बन्धमा सुरक्षा निकायको भनाई

टोलीले घटनाको बारेमा यथार्थ बुझ्ने क्रममा प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डे, जिल्ला प्रहरी कार्यालय धनुषाका एस.पि. टपेन्द्रध्वज हमाल, श्री नं ९ अनाश्रित लाइट ब्याट्रिका सेनानी एकबहादुर के.सी र संयुक्त सुरक्षाफौज क्याम्प शहीदनगर यदुकुहाका इञ्चार्ज लफ्टिनेन्ट आदित्य प्रताप सिंह, समेतसँग भेटघाट गरेको थियो । घटनाहरूको सम्बन्धमा वहाँहरूको भनाई तल क्रमशः प्रस्तुत गरिएको छ ।

## ९.१ रत्नराज पाण्डे, प्रमुख जिल्ला अधिकारी, धनुषा

प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेले घटनाहरूको बारेमा कुनैपनि जानकारी दिन अस्वीकार गर्नु भएको थियो । उहाँको प्रतिक्रिया थियो- प्रमुख जिल्ला अधिकारीले तपाईहरूलाई कुनै सूचना दिदैंन । तपाईंहरूले भनेका घटनामा माओवादी नपरेका भए जाहेरी हाल्न आउनु पर्थ्यो । कोही पनि जाहेरी हाल्न नआएपछि उनीहरू सबै माओवादी हुन । तपाईंहरू र माओवादी एकै हो । तपाईंहरूले गाउँका दश जनाले भनेको भनाईको आधारमा रिपोर्ट तयार गर्नु हुन्छ । अहिले बहालवाला प्रधानमन्त्री बाहेक कोहीले पनि माओवादीको विरुद्धमा बोलदैनन् । ती दश जना गाउँलेले हाम्रो अगाडी आएर सेनाले मारेको हो भनेमात्र साँचो हुन्छ । तपाईंहरूको अगाडी भनेको साँचो हुँदैन । तपाईंहरूले सोध्नु भएको घटनामा म यसभन्दा बढी केही बोल्न चाहन्न । मेरो प्रतिवेदन गृहमन्त्रालयमा छ । उहीं गएर गोपेन्द्र बहादु पाण्डेसँग बुझ्नुस भन्दै टोलीलाई बाहिर जान हातले ईशारा गर्नु भएको थियो ।

## ९.२ टपेन्द्रध्वज हमाल, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय

प्रहरी उपरीक्षक टपेन्द्रध्वज हमालसँग टोलीले घटनाको बारेमा जानकारी राख्दा वहाँले घेरातोडी भाग्न खोजेकाले तिन वटै घटनाहरूमा सुरक्षाकर्मीबाट बल प्रयोग भएको र सोही क्रममा ती ११ जनाको मृत्यु भएको बताउनु भयो । केउटानीमा हत्या भएकाहरुको बारेमा कही कतैबाट उजुरी नपरे पछि उनीहरु माओवादी भएको पुष्टि हुन्छ । अन्य घटनाका बारेमा पनि आजसम्म कुनै जाहेरी परेको छैन । निर्दोष भए जाहेरी पर्नु पर्ने हो । केउटानीमा यदुकुहाको टोलीले कारवाही गरेको हो भन्नु भयो । यसपछि टोलीको सुरक्षाफौज ठूलो संख्यामा रहेको र केवल ६ जना व्यक्तिहरुलाई उनीहरुले कव्जामा लिन सक्ने अवस्था हुँदाहुदै किन बलको प्रयोग भयो भनी सोधेको प्रश्नमा उहाँको जवाफ थियो- घेरा तोडेर भाग्न खोजेको हुँदा कारवाही गरिएको हो भन्नुभयो । वहाँको थप भनाई थियो-*"माओवादीको आरोपमा पक्राउ गरिएका व्यक्तिहरूले सुरक्षा निकायमा*

*पाउने चरम यातनाको डरले भाग्ने गरेका, त्यस्तो समयमा गस्तिमा गएको टोलीले आफूलाई के गरौं भनेर सोध्ने गरेको र आफूले गोली हान्देउ"* भन्ने गरेको बताउनु भएको थियो । वहाँको अभ्रु थप भनाई थियो- *माओवादीहरु पक्राउ पछि पाउने चरम यातना पाउनु भन्दा मर्न तयार भएर भाग्ने हुँदा हामीले त्यसरी भाग्ने माओवादीहरुलाई बल प्रयोग गर्न बाध्य हुन्छौं"* तपाईंहरूले जिज्ञासा राख्नु भएका घटनाहरूमा पनि त्यही भएको हो ।

## ९.३ एकबहादुर के.सी, सेनानी, शाही नेपाली सेना

सेनानी एकबहादुर के.सी.ले भने आफू भरखर मात्र व्यारेकमा आएको र पटेहर्वा घटनाको बारेमा अहिले जिम्मेवार व्यक्ति नभएको भनी टोलीलाई कुनै जानकारी दिनु भएन । उहाँले उक्त दिन पटेर्वा टोलीमा जाने जिम्मेवार व्यक्ति ब्यारेकमा नरहेकोले त्यसको बारेमा आफुले विस्तृत रुपमा भन्न नसक्ने बरु तपाईंहरू फोन गर्नुस भन्नु भएको थियो । यद्यपी उक्त टोलीमा जाने एक जना सैनिकभने सेनानी सँग टोलीको वार्ता भईरहेको समयमा आएका थिए । तर सेनानीले उसलाई त्यहाँबाट तिमी जाउ जिम्मेवार व्यक्ति आएपछि वहाँहरू सँग कुरा गराउँला भन्नु भएको थियो ।

## ९.४ आदित्य प्रताप सिंह, सेकेण्ड लेफ्टिनेन्ट, संयुक्त सुरक्षा फौज यदुकुहा

चिरैयामा माओवादीको २ ग्रुप छ । त्यसमध्ये एक ग्रुपको उक्तदिन मिटिङ्ग छ भन्ने जानकारी पाई हाम्रो टोली त्यता गस्तिमा गएको थियो । हाम्रो गस्ति एक चौतीस थियो । गस्ति गरेर फर्किने क्रममा हामीले उनीहरूलाई केउटानीको खाली ठाउँमा देख्यौं । त्यसपछि उनीहरूले हामीलाई फाईरिङ्ग गरे । मेरो त दुवै कानको छेउबाट गयो । धन्नले बाँचे । त्यसपछि हामीले प्रत्युतरमा फायर गर्दा उनीहरूको मृत्यु भएको हो । पहिले उनीहरूले फायरिङ्ग गरेपछि मात्र हामीले फायर खोलेको हो । ती मध्ये लप्टेन पक्का माओवादी हो । उनीहरू सँग दाहोरो भिडन्त भएको ठाउँमा माओवादीको दस्तावेज पनि भेटाएका छौ । उनीहरूबाट हामीले २१ थान सकेट बम, ४ थान नल कटुवा पेस्तोल, ३ह३ राईफलका १६ राउण्ड गोली पनि फेला पारेका थियौ । त्यहाँ दोहोरो भिडन्त नै भएको हो ।

पटेर्वाका घट्नामा हाम्रो र भिमानको टोली थियो । त्यहाँ मारिएकाहरू पनि माओवादीहरू नै हुन् । उनीहरू पनि भिडन्तमा मारिएका हुन् ।

## १०. घटना सम्बन्धमा सम्बन्धीत राजनीतिक दल

## १०.१ रत्नेश्वर गोइत, योगनारायण यादव नेकपा (एमाले)

धनुषामा जति पनि घटनाहरू भएका छन्, त्यसमा दुवै पक्षको दोष छ । केउटानी, पटेर्वा र धनुषाधाममा घटनाको सम्बन्धमा भन्दा त्यहाँ कोही पनि हाम्रा मान्छेहरू थिएनन् । धनुषाधाम जानकी निवासको मन्सिफ रईन हाम्रो पार्टीको संगठित सदस्य भएपनि हाल हामीलाई उसको गतिविधि बारे खासै थाहा थिएन । यस बारेमा हाम्रो त्यस क्षेत्रको इन्चार्जलाई बढी थाहा हुन्छ । तपाईंहरूले वहाँसँग बुझ्नु भयो भने थप जानकारी हुन्छ । वहाँको नाम डा. भोला शाह हो ।

हामीले केही घटनाहरू बाहेक सबैमा विज्ञप्ति निकाल्ने गरेका छैनौ । हाम्रो पार्टीले सदस्य बाहेको हत्या हुँदा पनि विज्ञप्तिहरू प्रकाशन गर्ने गरेको छैन, तर अब त्यसतर्फ सोचेको छ । तपाईंहरूले राज्यबाट मात्र नभई माओवादीबाट भएका घटनाहरूमा पनि अनुगमन गर्नु पऱ्यो । तपाईंहरूले अनुगमन गर्नु भएको तिन वटै घटनामा दोहोरो भिडन्त भएको हैन । हामीलाई थाहा भएसम्म घरबाट पक्राउ गरेर ल्याई बाटोमा तिनीहरूको हत्या गरिएको हो ।

## १०.२ डा. भोला शाह क्षेत्रिय सदस्य ने.क.पा. एमाले क्षेत्र नं. ३ धनुषा

जानकी निवासबाट पक्रिएर ल्याई परशुराम तलाउमा मारिएका मध्ये मुन्सिफ रईन हाम्रो पार्टीको संगठित सदस्य थिए । उनलाई मैले नै संगठित सदस्य दिएको हो । फुल्गेन चाँही एमालेको समर्थक मात्र हो । उनीहरूको माओवादीको आरोपमा हत्या हुनमा ३६ प्रतिशत ब्याज पनि दोषी छ । मलाई जानकारी भए अनुसार मुन्सिफले गाउँको साहुसँग १लाख रुपैंया ऋण लिएर छोरालाई विदेश पठाएको थियो । छोराले विदेशबाट पैसा पठाएपछि उ साहुको पैसा तिर्न जाँदा सो कुरा मओवादीले थाहा पाई १० प्रतिशत भन्दा बढी ब्याज तिर्न पाउँदैनस् भनि उनीहरूको पञ्चायती डाकेछन् । उक्त पञ्चायतीमा मुन्सिफ र फुल्गेन पनि उपस्थित भएका रहेछन् । उनीहरू गाउँका केही बाठा भएकाले त्यो टोलमा जो पुगेपनि उनीहरूलाई नै सम्पर्क गर्ने क्रममा माओवादीले पनि उनीहरू सँग नै सम्पर्क गरेका हुन सक्छन् । त्यसमा पनि माओवादीको पञ्चायतीमा मुन्सिफबारेमा छलफल भई ब्याज सम्बन्धी विवाद मिलेकोले सोही कारणले उसलाई कसैले माओवादी हो भनि आरोप लगाएका हुन सक्छन् । उ माओवादी थिएन, गाउँमा बसेपछि बाध्यतावश माओवादीको कार्यक्रममा जो पनि जानु पर्ने अवस्था छ । सोही कारण उनीहरू पनि गएका हुन सक्छन् । बाध्यताबश त्यस्ता कार्यक्रममा उपस्थित भएका व्यक्तिलाई सरकारले छानबिन गर्न सक्थ्यो । त्यसो नगरि हत्या गर्नु सरकारको लाचारी पन हो । जहाँसम्म फुल्गेको कुरा छ उ र मुन्सिफ प्रायः साथै रहन्थे । उसले हेमबहादुर मल्लको बगैंचाको ठेक्का लिने ठेकेदारसँग काम गर्दथ्यो । ठेकेदारको नाम मलाई थाहा भएन । ठेकेदारसँग काम गर्ने क्रममा यस वर्षको वगैंचाको हेमबहादुरले पाउने आम्दानी उसले नपाएको भन्ने सुनेको छु । स्थानीय बासिन्दाको भनाई अनुसार हेमबहादुरले पाउने पैसा को मार्फत हो माओवादीमा पुगेको छ । त्यसै आरोपमा उसलाई माओवादी भनि हत्या गरिएको हुन सक्छ । उ जे भएपनि मार्नुपर्ने सम्मको अपराध उनीहरूले गरेका थिएनन् । यदि गरेका भएपनि सरकारले छानबिन गर्न सक्दथ्यो । त्यसो नगरि नागरिकको ज्यान लिनु सरकारको अत्यन्त गैर जिम्मेवारी काम हो ।

## १०.३ लक्ष्मण यादव, जनमोर्चा नेपाल

तीनवटै घटनाहरूमा मुठभेड भएको हैन । केउटानी घटनामा हत्या गरिएका लप्टन यादव हाम्रो पार्टीका थिए । तर १० वर्ष अगाडी देखि ऊ पार्टीमा सक्रिय थिएन । त्यसको कारण उसको पहिलेको श्रीमतीले आत्महत्या गरेर मरेकी र दोश्रो विवाह गर्दा राजनीति नगर्ने शर्तमा उसले विवाह गरेकोले उसले जनमोर्चाको सक्रिय राजनीति छोडेको हो । तर जनमोर्चा भने छोडेको

थिएन । २०६१ साल असोज ४ गते हाम्रो पार्टीले शहीदनगर यदुकुहामा आयोजना गरेको कार्यक्रममा पनि ऊ आएको थियो । त्यहाँ पनि उसले अब पार्टीमा लाग्ने र त्यसकोलागि संगठन बनाई दिन हाम्रो त्यस क्षेत्रका क्षेत्रीय अध्यक्ष कैलु यादवलाई अनुरोध पनि गरेको थियो । अन्य सो घटनामा मारिनेहरू हाम्रो जानकारीमा भएसम्म निर्दोष हुन् । तर रामपुकार र सत्रुध्नको बारेमा हामी प्रष्ट छैनौ । पटेहर्वाको घटनाको सम्बन्धमा एक जना माओवादीको कार्यकर्ता भएको र बौयलाल नामक व्यक्ति सर्वसाधारण भएको जानकारी हामीले पाएका छौं। जे भएपनि त्यो घटना मा पनि भिडन्तमा भएको थिएन । त्यस्तै धनुषाधामको घटनामा पनि दोहोरो भिडन्त भएको हैन । त्यहाँ मारिने मध्ये एकजना एमालेको कार्यकर्ता भन्ने सुनेको हो । अरूको बारेमा हामीलाई थाहा छैन ।

## ११. घटनास्थलमा टोलीले अवलोकन गरेका कुराहरु

- माओवादीले प्रहार गरे भनेको सकेट बमले पुऱ्याएको कुनै पनि क्षति घटनास्थल वरपर नदेखिएको, नसुनिएको ।
- केउटानीमा हत्या गरिएका मृतकहरूको लाश जलाउनु अगाडीको फोटो हेर्दा कसैको पनि पोष्टमार्टम नगरिएको ।
- केउटानी घटनास्थलमा टोली पुग्दासम्म मृतकहरूको खैरो रङ्गको सर्ट १, सेतो धोती १, टाटेपाटे लुङ्गी १ र घ्यू रङ्गको गम्छा रहेको ।
- सबै मृतकहरूको हत्या एकान्त ठाउँमा गरिएको ।

## १२. निष्कर्ष

स्थलगत अध्ययनबाट माथि उल्लेखित सम्पूर्ण घटनाहरूमा कहींकतै पनि दोहोरो भिडन्त नभएको निष्कर्षमा टोली पुगेको छ । उल्लेखित घटनाहरू मध्ये मृतकहरू १० जनालाई रातको समयमा घरबाट पक्राउ गरी हत्या गरेको र मृतक मध्ये एकजनालाई खेतको बीचमा सुतिरहेको अवस्थामा हत्या गरिएको छ । उल्लेखित सम्पूर्ण घटनाहरूमा सुरक्षा निकायले आफ्नो कब्जामा लिइसकेका व्यक्तिहरूलाई कानुन विपरित नै कार्य गरेको भए प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्ने अवस्था भएको, मृतकहरूको संख्या र सुरक्षाकर्मीहरूको संख्या हेर्दा कुनैपनि घटनामा पक्राऊ परेका व्यक्तिहरूलाई कब्जामा लिन नसकिने अवस्था नरहेको, सुरक्षा निकायबाट भाग्न खोजेर तथा दाहोरो भिडन्त भएपछि मृतकहरूको हत्या भएको भनिएपनि सो कुरामा प्रहरी उपरीक्षक र यदुकहाका सेकेण्ड लेफ्टिनेन्टको भनाई एक आपसमा विरोधाभाष रहेको, जिल्लाको प्रमुखको हैसियतले घट्नाको बारेमा प्रमुख जिल्ला अधिकारीले टोलीलाई कुनै सूचना दिन नचाहनु भएको, तथा प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षकबाट मृतकहरू कसैबाट पनि जाहेरी नपरेको हुँदा उनीहरू सबै माओवादी हुन भनि पुष्टि गर्न खोजिएको र एकजना भन्दा बढी माओवादी नभएको र निजलाई पनि पक्राउ गरेर कानून बमोजिम कारवाही गर्न सक्ने अवस्था विद्यमान रहेको, पक्राउ परी मारिएकाहरू कसैसँग पनि हतियार भएको कुरा यदुकुहाका ईञ्चार्ज बाहेक अन्य कुनै सुरक्षा

निकायले भन्न नसकेको र यदुकुहाका ईन्चार्जले पनि हतियार थिए भनेपनि अन्य कुनैपनि पक्षबाट केउटानीमा मारिएका व्यक्तिहरूसँग हतियार भएको भनि पुष्टि गर्न नसकेको, यदुकुहामा घटेको घट्नामा ६ गोलीभन्दा बढी पड्केको आवाज कसैले पनि नसुनेको र मृतकहरूको फोटो तथा लाश देख्नेहरूका अनुसार पनि छ जनालाई एक एक वटा मात्र गोली लागेको देखिएको, मृतकहरू कसैको पनि पोष्टमार्टम नगरिएको, लाशमा देखिएका निलचोट, भाँचिएका हात र कुटपीट गरेको देख्ने प्रत्यक्षदर्शी तथा पक्राउ पछि यातना दिईने तर्फ ईगित प्र.उ. को भनाईले मृतकहरूलाई यातना समेत दिएको देखिएको लगायतका कारणबाट टोली उल्लेखित तिन वटै घटनाहरू सुरक्षा निकायको गैर जिम्मेवारीको कारण घटन गएका र सुरक्षाकर्मीहरूबाट भनेजस्तो दोहोरो भिडन्त नभएको निष्कर्षमा पुगेको छ । यसको साथै उल्लेखित घट्नाहरूबाट मृतकहरूका निम्न कानूनी हकहरूको उलंघन भएको र सुरक्षा निकायले निम्न प्रचलित राष्ट्रिय र अर्न्तराष्ट्रिय कानून तथा श्री ५ को सरकारद्वारा २०६० चैत १३ मा जारी गरिएको मानवअधिकार तथा मानवीय कानुन सम्बन्धीको प्रतिबद्धता समेत उलंघन भएको  ठहरमा टोली पुगेको छ ।

- नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२, १४, १८ ले प्रदान गरेका नागरिकका आधारभूत अधिकारहरूमाथि कानुन कार्यान्वयन गर्नुपर्ने निकायले वेवास्ता गरेको छ ।
- नेपाल अधिराज्यको संविधान २०४७ को धारा २५ अनुसार जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नुपर्ने प्रमुख उद्देश्य भएको सरकारले त्यसको पूरै वेवास्ता गरेको छ ।
- मुलुकी ऐन २०२० को ज्यान सम्बन्धी महलको ७ मा उल्लेख भएबमोजिम प्रतिरक्षा गर्नु पर्ने अवस्था घटनाहरूमा नदेखिँदा दफा १ को उलंघन गरिएको छ ।
- सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा ११(३) बमोजिम गरिनु पर्ने मृतकहरूको पोष्टमार्टम गरिएको छैन भने हकवालालाई भरपाई गरि लाश बुझाउनु पर्ने ऐ. को उपदफा ५ को व्यवस्थाको पनि पालना गरिएको छैन ।
- नागरिक अधिकार अधिकार ऐन २०१२ को दफा १२ ले प्रदान गरेको व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हरण गरिएको छ ।
- ऐ ऐनको दफा १५ बमोजिम दिईनु पर्ने पक्राउको सूचना मृतक तथा मृतकका परिवारहरूलाई टोली घटना स्थलमा पुग्दाका मिति सम्म दिईएको छैन ।
- आतंककारी तथा विध्वंसात्मक (अपराध र सजाय) अध्यादेश २०६० को दफा ५(क) बमोजिम दिईनु पर्ने पक्राउको सूचना दिईएको छैन ।
- ऐ. अध्यादेशको दफा ५(ख) बमोजिम यदि सुरक्षाकर्मीहरूले भने बमोजिम मृतकहरूको घरबाट वा मृतकबाट कुनै हतियार बरामद गरेको भए त्यसको भर्पाई सम्बन्धीत व्यक्तिहरूलाई दिईएको छैन ।
- ऐ. को दफा ५(ङ) बमोजिम पक्राउ गर्न नसक्ने अवस्थामा मात्र बल प्रयोग गर्न पाईनेमा उल्लेखित तिनवटै घटनाहरूमा आफ्नो नियन्त्रणमा लिएपछि सुरक्षाकर्मीबाट हत्या गरिएको ।

- मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा ३ विपरित व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको हरण गरिएको, धारा ५ विपरित यातना सहित हत्या गरिएको, मृतकहरूलाई धारा ९ विपरित स्वेच्छाचारी किसिमले पक्राउ गरिएको, धारा १८ विपरित धर्मको स्वतन्त्रता समेतबाट वञ्चित गरिएको ।
- जेनेभा महासन्धि १९४९ को साझा धारा ३ को विरुद्धको कार्य सुरक्षाकर्मीबाट भएको ।
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि १९६६ को धारा ६(१) विपरित स्वेच्छाचारी किसिमले जीवनहरण गरिएको, धारा ७ विपरित यातना दिईएको र धारा ९ विपरित जीउको सुरक्षाबाट वञ्चित गरिएको ।
- यातनाविरुद्धको महासन्धि १९८४ विपरित यातना समेत दिई हत्या गरिएको ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि १९६६ को धारा १५ विपरित मृतकहरू हिन्दु र मुश्लिम भएपनि उनीहरूको लाश एकै स्थानमा जलाई दिएको ।
- श्री ५ को सरकारद्वारा २०६० चैत १३ मा जारी गरिएको मानवअधिकार तथा मानवीय कानुन सम्बन्धी २५ बुँदे प्रतिबद्धता नं. २ बमोजिम नागरिकको जीवन प्रतिको अधिकार जुनसुकै परिस्थितिमा सम्मानित हुने र प्रतिबद्धता नं. ३ बमोजिम कसैलाई पनि बिना कारण कानुनी रुपमा पक्राउ नगर्ने भनि सरकारले गरेको घोषणा विरुद्धको कार्य भएको ।
- राष्ट्रिय मानवअधिकार आयोगद्वारा श्री ५ को सरकार तथा नेकपा (माओवादी) समक्ष २०६० जेठ १४ गते जारी गरेको आचार संहिताको बुँदा क, ख र ग मा उल्लेखित व्यवस्था विरुद्धको कार्य भएको ।

## १३. सुझाव

- सुरक्षा निकायबाट प्रचलित कानुनको अक्षरश पालना गरिनु पर्ने ।
- आतंककारी तथा विध्वंसात्मक (अपराध र सजाय) अध्यादेशको दुरुपयोग रोकिनु पर्ने ।
- आतंककारी तथा विध्वंसात्मक (अपराध र सजाय) अध्यादेश २०६१ को दफा ५ र ९ मा तुरुन्त संशोधन गरिनु पर्ने ।
- घटनाका पीडितलाई तुरुन्त क्षतिपूर्ति उपलब्ध गराई दोषीलाई कानुन बमोजिम कारवाही गरिनु पर्ने ।
- श्री ५ को सरकारले आफ्ना कर्मचारीहरूलाई जनतासँग कसरी व्यवहार गर्ने भन्ने विषयमा तुरुन्त तालिम प्रदान गर्नु पर्ने ।

अनुसूची - १

**अनुगमन टोलीका सदस्यहरुको नामावली**

१. अधिवक्ता श्यामबाबु काफ्ले, यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), नेपाल काठमाडौ

२. विद्या चापागाई, इन्सेक, काठमाडौं

३. रीमा श्रेष्ठ, महिला पुनर्स्थापना केन्द्र (ओरेक), काठमाडौं

४. सुशील श्रेष्ठ, इन्हुरेडर, काठमाडौं

५. रेणु राई, महिला कानुन तथा विकास मञ्च, काठमाडौं

६. विकास रनपैली, जनउत्थान प्रतिष्ठान नेपाल, काठमाडौं

७. नवराज बस्नेत, सदस्य, मानवअधिकार अनुगमन समिति, जनकपुर

८. रोशनदीप ढकाल, इन्सेक वर्ष पुस्तक प्रतिनिधि, धनुषा

## अनुसूची- २

### टोलीले भेटेका जिम्मेवार सम्बन्धीत व्यक्तिहरू

| सि.नं. | टोलीले भेटेको व्यक्तिहरूको नाम | पद | कार्यालय | मिति | स्थान |
|---|---|---|---|---|---|
| १ | आदित्य प्रताप सिंह | सेकेण्ड लेफ्टिनेन्ट | संयुक्त सुरक्षा फौज बेस क्याम्प, शहीदनगर यदुकुहा | २०६१/७/२१ | संयुक्त सुरक्षा फौज बेस क्याम्प |
| २ | एकबहादुर के. सी. | सेनानी | श्री नं ९ अनाश्रित लाइट ब्याट्रि भिमान ब्यारेक | २०६१/७/२२ | भिमान ब्यारेक |
| ३. | रत्नराज पाण्डे | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, धनुषा | २०६१/७/२४ | जिल्ला प्रशासन कार्यालय |
| ४. | टपेन्द्रध्वज हमाल | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय धनुषा | २०६१/७/२४ | जिल्ला प्रहरी कार्यालय |
| ५. | रत्नेश्वर गोइत | वैकल्पिक केन्द्रीय सदस्य, | नेकपा (एमाले) अञ्चल कार्यालय, जनकपुर | २०६१/७/२४ | नेकपा (एमाले) अञ्चल कमिटीको कार्यालय, जनकपुर |
| ६. | योगनारायण यादव | उप-सचिव | नेकपा (एमाले) जिल्ला कमिटी धनुषा | २०६१/७/२४ | नेकपा (एमाले) धनुषा जिल्ला कमिटीको कार्यालय |
| ७. | लक्ष्मण सिंह | अध्यक्ष | जनमोर्चा नेपाल | २०६१/७/२४ | निज निवास |
| ८.. | रामकृष्ण यादव | सभापति | नेपाली काग्रेस | २०६१/७/२४ | नेपाली काग्रेस जिल्ला कार्य समितिको कार्यालय धनुषा |
| ९. | डा.भोला शाह | क्षेत्रीय ईञ्चार्ज | नेकपा (एमाले) क्षेत्र नं. ३ धनुषा | २०६१/७/२४ | होटल रामा |
| १०. | विमल यादव | एरिया कमिटी सदस्य | एरिया नं. २ | २०६१/७/२२ | रामनारायण सदाको हत्या स्थल |


## अनुसूची-३

## मृतकहरूको विस्तृत विवरण


| सि.नं. | घटना विवरण | | | | घटना स्थल | मिति | मृतक संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | **केउटानी हत्याकाण्ड** | | | | **गोठकोयलपूर-९ केउटानी** | २०६१/६/१६ | ६ |
| | मृतकको नाम | लिङ्ग | उमेर | ठेगाना | | | |
| | लप्टेन यादव | पुरुष | ४५ | बालाबाखर गाविस-२ सुन्दरपूर, चिरैया | | | |
| | शत्रुध्न यादव | पुरुष | ३० | बालाबाखर गाविस-५ बालाबाखर | | | |
| | रामनाथ यादव | पुरुष | ४३ | बालाबाखर गाविस-२ सुन्दरपूर, चिरैया | | | |
| | रामपुकार यादव | पुरुष | ४० | चोराकोएलपूर गाविस-६, मतौना | | | |
| | फुल्गेन भन्ने राजगिर यादव | पुरुष | ४५ | चोराकोएलपूर गाविस-६, मतौना | | | |
| | बिरञ्ची भन्ने कृष्णकुमार यादव | पुरुष | ३१ | बालाबाखर गाविस-२ सुन्दरपूर, मतौना | | | |
| २. | **पटेहर्वा बलटिया हत्याकाण्ड** | | | | **पटेहर्वा गाविस-७ धानबारीको बीच** | २०६१/७/१ | १ |
| | रामनारायण सदा | पुरुष | ४५ | पटेहर्वा गाविस-६, कोठिया | रघुनाथपूर गाविस-२ पर्साही | २०६१/७/१ | १ |
| | बौयलाल मुरा कवारी | पुरुष | ४० | पटेहर्वा गाविस ३ पटेहर्वा | | | |
| ३. | **पर्शुराम तलाउ हत्याकाण्ड** | | | | **मिथिलेश्वर निकाश गाविस जगधर पूल** | २०६१/४/१४ | ३ |
| | झौलि सदा | पुरुष | ४५ | धनुषाधाम-१ | | | |
| | फुल्गेन पासवान | पुरुष | | जानकी निवास, धनुषाधाम-६ | | | |
| | मुनशिफ राइन | पुरुष | ५० | जानकी निवास, धनुषाधाम-६ | | | |

## अनुसूची-४

### केउटानी घट्ना स्थल




### पटेर्वाको घट्ना स्थल



# धनुषाधाम हत्या स्थल

